# CITIZEN ACTION PARTY -SIKKIM
## सिटिजन एक्सन पार्टी -सिक्किम
*(For Reforms in Sikkim)*

Ref. No. 049/CAP/GTK/SK/23 Date: 31/03/2023

**प्रेस विज्ञप्ति**

आज तारीख 31 मार्च 2023 शुक्रवारको दिन पश्चिम सिक्किमको गेजिङ जिल्ला अन्तर्गत दरापमा सिटिजन एक्सन पार्टी सिक्किमको जिल्ला स्तरको समन्वय सभा जिल्ला अध्यक्ष/इन्चार्ज श्री ओङ्दिला भोटियाको अध्यक्षतामा सम्पन्न भयो। उक्त बैठकमा पार्टीका जिल्लास्तरका उपाध्यक्ष कोअर्डिनेसन, सचीव, जिल्ला महिला परिषद्, युवा परिषद् अनि अनि युवा संयोजक ,समष्टि स्तरका विधानसभा निर्वाचन क्षेत्र कार्यकारी परिषदका अध्यक्ष उपाध्यक्ष, सचीव, कोषाध्यक्ष, जिल्ला प्रचारप्रसार समिती, तथा अन्य सदस्यको सक्रिय उपस्थितिमा पार्टीको भावी रणनीतिको चर्चा परिचर्चा गरियो।उक्त बैठकमा सिटिजन एक्सन पार्टी सिक्किमको क्षेत्र स्तरसम्म के कस्ता व्यापक कार्यक्रम सम्पन्न गरिने भन्ने छलफल गरियो।

पार्टीको गत केन्द्रिय कार्यकारिणी समितिको दुइदिने बैठकमा पारित भएका आठबुदे प्रस्तावलाई गाउँ-गाउँसम्म पुऱ्याइने छलफल गरियो। पार्टीले विविध मुद्दामा बहस गऱ्यो जसमा सिटिजन एक्सन पार्टी सिक्किमको जिल्ला पार्टी कार्यलय निकटदिनमै खोलिनेछ। पार्टीले समष्टि स्तर औ ग्राम एवं वार्ड स्तरमा व्यापक सदस्यता संख्या बढाउने विमर्श गऱ्यो। पार्टीले क्राउड् फन्डलाई प्राथमिकता दिदै यसको निमित्त आवश्यक कार्य आजैदेखि थालिएको स्पष्टता गऱ्यो। गाउँ गाउँसम्म पार्टीको कार्यक्रम सफल र सहजरूपमा पुर्याउनहेतु पार्टीको संकल्प पत्र, पार्टीको सन्देश पत्र, भिजन डकुमेन्ट (Vision Document) तथा अन्य आवस्यक पार्टीका शिक्षा साहित्यलाई साझा र सार्वजनिक गरिने ओजस्वी निर्णय लियो।

पार्टीले केन्द्रिय कार्यलयसंग सोझो सम्पर्क गरेर पार्टीको अन्य आवश्यक कार्य प्रणाली युद्धस्तरमा बढाइरहेको जानकारी समेत साझा गर्यो।

**खगेन्द्र दाहाल**
अध्यक्ष /प्रचारप्रसार
गेजिङ जिल्ला,पश्चिम सिक्किम
सिटिजन एक्सन पार्टी-सिक्किम।